# चुमनुव्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८२।८३ को बजेट बक्तव्य

**सभामा पेश भएको: २०८२ साल असार ३ गते।**

**सभाबाट पारित भएको: २०८२ साल असार १० गते।**

गाउँ सभाका अध्यक्ष ज्यू,

उपस्थित प्रमुख प्रशासकीय अधिकत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, सभा सदस्य ज्यूहरु, सरकारी तथा गैरसरकारी कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, राजनीतिक पार्टीका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, पत्रकार एवं उपस्थित सम्पुर्ण महानुभावहरु,

१. नेपालको संविधानले परिकल्पना गरेको स्थानीय तहको निर्वाचन(२०७९ पश्चात चौथो बजेटको रुपमा आज नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को बजेट यस सम्मानित सभा समक्ष पेश गर्न गइरहेको छु।

२. सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगतर्फ पुर्‍याउने क्रममा आफ्नो अमुल्य जीवनलाई आहुती दिनुहुने ज्ञात अज्ञात सम्पुर्ण महान शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जी अर्पण गर्दछु। देश जनताको परिर्वतनका लागि विभिन्न आन्दोलनहरुमा सरिक भई घाईते भएकाहरुको सिघ्र स्वास्थ्यलाभको कामनागर्दै आन्दोलनको नेतृत्व गर्ने सम्पुर्ण अग्रजहरुलाई स्मरण गर्न चाहान्छु।

३. नेपालको संविधानले परिकल्पना गरेको तीन तहका सरकारवबीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता र कानुनी शासनको मान्यतालाई सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाहका माध्यमबाट सिहंदरबार गाउँमै आएको अनुभुती जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामीमाझ रहेको छ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय सरकारको १६ औं आवधिक योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय आवधिक योजना, चुमनुब्री गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न र "दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री" को दिर्घकालिन सोचलाई पुरा गर्न, र हाल सम्म भएका उपलब्धीहरुको संस्थागत गरी जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतीबाट चुमनुब्री बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामुलक समाज निर्माण गर्ने पद्धतीबाट निर्देशित हुदैं समृद्ध चुमनुब्री बनाउन यो बजेट केन्द्रित गरेको छु।

५. चुमनुब्री गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन (२०७४, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्यक्रम तथा चुमनुब्री गाउँपालिकाको विनियोजन विधेयक २०८२ को सिद्धान्त र प्राथमिकता, चुमनुब्री गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाका निर्णयहरु तथा दिगो विकासका लक्ष्य र गाउँपालिकाका अध्यक्ष ज्यू मार्फत प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई आधार बनाएको छु । साथै विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपुर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

६. चुमनुब्री गाउँपालिकाको आन्तरिक श्रोत, नेपाल सरकार र प्रदेश सरकाबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाडलाई मुल आधार मानी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

७. अनुत्पादक खर्च न्यूनीकरण गर्ने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रम छनौट, साधन श्रोतको बाडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्युनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता र श्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी श्रोत व्यवस्था गर्ने प्रवन्ध मिलाएको छु ।

सभाका अध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

- शिक्षा तथा स्वाथ्य क्षेत्रको समष्टिगत विकास गर्नु ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्नु
- पालिकाको प्रशासकीय भवन लगायतका गुणस्तरीय र आधुनिक पूर्वाधार विकास गर्नु ।
- पर्यटकीय पूर्वाधारहरूलाई गुणस्तरीय र सुरक्षित बनाउनु ।
- दिगो आर्थिक वृद्धि मार्फत रोजगारी र आय वृद्धि गर्नु ।
- सामाजिक न्याय र समन्नती हासिल गर्नु ।
- गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि गर्नु ।
- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गर्नु ।

- स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।
- आर्थिक, सामाजिक, सांस्कृति र शैक्षिक रुपमा पछाडी पारिएका एकल महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विभिन्न कारणले विस्थापित भएका व्यक्तिएको अधिकार स्थापित गर्नु ।

आर्थिक वर्ष २०८२।८३ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकतासाथ कार्यान्वयन गरिने छ ।

- सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा
- दिगो र उत्थानशील पूर्वाधार निर्माण
- बाढी पहिरो नियन्त्रण, रोकथाम तथा जोखिम वस्तीहरु स्थानान्तरण ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि ।
- कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी तथा वित्तिय क्षेत्रको विकास मार्फत आर्थिक विकास ।
- पर्यटकीय पदमार्गको स्तररोन्नती ।
- आवश्यक ठाउँमा ढलान सहितको गोरेटो बाटो, सामुदायिक भवन, लघु तथा साना जलविद्युत, संचार क्षेत्रको विकास मार्फत पुर्वाधार विकास ।
- स्थानीय उत्पादनमा आधारित सिप विकासका कार्यहरू ।
- खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक तथा सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास ।
- वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन ।
- शासकीय क्षमताको विकास मार्फत सुशासन र सदाचार प्रवर्द्धन,
- क्रमागत, गरिबी निवारणमा टेवा पुर्याउने खालका आयोजना र श्रममा आधारित रोजगार प्रवर्द्धन ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अब म चालु आर्थिक वर्ष २०८१।८२ को आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षमा ४२ करोड २० लाख ९६ हजार रुपैयाँ राजश्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको संशोधित अनुमान बमोजिम नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान वापत रु. ६ करोड ४४ लाख १५ हजार रुपैयाँ र संघ तथा प्रदेश सरकार राजश्व बाँडफाडबाट रु. ६ करोड ८० लाख ८१ हजार आय प्राप्त भएको छ। प्रदेश वित्तिय सामानीकरण अनुदान वापत ७८ लाख १७ हजार प्राप्त भएको छ।
- चालु आर्थिक वर्षको नेपाल सरकार शसर्त अनुदान तर्फ रु. ११ करोड ९ लाख ५४ हजार रुपैँया र प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. ६० लाख रुपैँया र प्रदेश विशेष अनुदान रु ४० लाख , नेपाल सरकार विशेष अनुदान २५ लाख निकासा प्राप्त भएको छ। यसैगरी कुल आय रु ४२ करोड २० लाख ९६ हजार अनुमान गरिएकोमा हालसम्म रु ३९ करोड ३८ लाख ३६ हजार रुपैयाँ निकासा प्राप्त भएको छ। यसै गरी आन्तरीक आय अन्तर्गत ३० लाख २२ हजार अनुमान गरिएकोमा हाल सम्म १ करोड ३७ लाख १० हजार आन्तरिक आय अन्तर्गत राजश्व संकलन भएको छ भने आय र वास्तविक निकासाबीचको अन्तर रु २ करोड ८२ लाख ६० हजार रहेको छ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,
अब म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रमका मुख्य(मुख्य विषयवस्तुहरु प्रस्तुत गर्न चाहान्छु।

- कृषि तथा पशुपक्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरी कृषि तथा पशुपालन व्यवसाय गर्न चाहने कृषकलाई बीउबिजन,कृषि औजार,प्रविधि र तालिमका लागि १० लाख बजेटको व्यवस्था गरेको छु।
- गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक, मौलिक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपुर्ण आधारको रुपमा पर्यटन उद्योगको विकास गर्न, उच्च आर्थिक बृद्धि, उत्पादन रोजगारी र आयको वितरणलाई टेवा पुर्‍याउने सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु।
- आर्थिक क्रियाकलाप, रोजगारी र मुल्य अभिबृद्धिमा उद्योग व्यापार र व्यवसायको प्रमुख भुमिका हुने भएकोले गाउँपालिका भित्र रहेका वेरोजगार युवायुवती र विदेशबाट फर्किएका

युवा युवतीहरुलाई स्थानीय लघु  उद्योग व्यवसायलाई आधिुनिक तबरले संचालन सम्बन्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छ । गाउँपालिकाभित्र विभिन्न प्राकृतिक विपत्तिबाट सिर्जित विविध समस्याहरुलाई समाधानका लागि गरिने तत्काल उद्दार, राहात तथा पुनस्थापन गर्न रु २० लाख विनियोजन गरेको छ।

- प्रशासनिक तथा चालू खर्चलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाउन चालू खर्च बजेटलाई नियन्त्रण गर्ने नीति लिएको छ ।
- महामारीको रोग रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि  प्रकोप व्यवस्थापन कोषमा रु २५ लाख विनियोजन गरेको छ ।
- मर्मत सम्भार कोष स्थापना गरी विगतमा सञ्चालन भएका योजना तथा कार्यक्रमको मर्मत सम्भारका लागि २०  लाख बजेट विनियोजन गरेको छ ।
- गाउँपालिकाभित्र  जनप्रतिनिधिहरुलाई स्थानियस्तरमा उत्पन्न विवाद समाधानको लागि कानूनी रुपमा सवल तथा सक्षमता पाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता विकास गर्न तालिम सञ्चालनार्थ रु. १० लाख रुपैयाँ विनियोजन गरेको छ ।
- विगतमा गाउँपालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारी कामको शिलशिलामा घाइते भई आपतकालिन उद्दार गर्नुपरेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाभित्र कार्यरत कर्मचारी तथा पदाधिकारीहरु कामको शिलशिलामा घाइते भएमा आपतकालिन उद्दारका लागि रु १० लाख विनियोजन गरी निरन्तरता प्रदान गरेको छ।
- स्थानीय सेवाबाट गाउँपालिकामा सेवा गरी सेवा निवृत्त हुने कर्मचारीहरूका लागि कर्मचारी  सेवा सुविधा उपलब्ध गराउन कर्मचारी सेवा निवृत्त सुविधा कोष खडा गरी २० लाख रकम विनियोजन गरेको छ ।
- लोककल्याणकारी राज्यको भूमिका अझ बढि प्रवर्द्धन गरी प्रभावकारी बनाउन र *कोही नहुनेको स्थानीय सरकार चुमनुब्री गाउँपालिका छ* भन्ने नाराका साथ आकस्मिक कोष स्थापना गरी ५ लाख बजेट विनियोजना गरेको छ ।
- गाउँपालिकाभित्रका महिलाहरुको क्षमता विकास एवं स्वालम्वनतर्फ केन्द्रित गर्न नेतृत्व विकास तथा भाषणकला तालिमका लागि ७ लाख विनियोजन गरेको छ ।

- महिला तथा बालबालिका, अशक्त एवं अपांग तथा ज्येष्ठ नागरिकलाई सम्मान तथा स हायतता स्वरूप सामाग्री वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई आत्मसाथ गर्दै पालिकास्तरीय खेलकुद कार्यक्रम आयोजना गरी युवा युवतीहरुलाई खेल प्रति आकर्षित गर्न रु. ५ लाख विनियोजन गरेको छु।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको निरन्तरताका लागि रु. २ करोड २० लाख विनियोजन गरेको छु।
- नेपाल सरकारको प्रारम्भिक बाल विकास शिक्षकलाई मासिक १७ हजार तलवभत्ता वापत उपलब्ध गराउने नीति अनुरुप गाउँपालिकाभित्रका विद्यालयमा प्रध्यापनरत प्रारम्भिक बाल विकास शिक्षकहरुलाई गाउँपालिकाबाट अनिवार्य विनियोजन गर्नुपर्ने रकमको व्यवस्था गरेको छु।
- गाउँपालिकाभित्रका विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा सबै नागरिकको पहुँच स्थापित गर्न आवश्यक शिक्षक सेवा करारमा लिने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- चुमनुब्री गाउँपालिकास्तरीय फुटबल तथा भलिबल प्रतियोगिता आयोजना तथा व्यवस्थापनका लागि १० लाख बजेट विनियोजन गरेको छु।
- क्षेत्रगत झोलुंगे पुल निर्माणका लागि संघीय सरकारबाट बजेट कटौती हुँदै गईरहेको परिप्रक्ष्येमा गाउँपालिका लागत साझेदारि दर बढाउँदै लैजानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायिकरण, विविधिकरण गर्ने नेपाल सरकारको नीति अनुरुप चुमनुब्री गाउँपालिकाभित्रका वडाहरुको सम्भाव्यताको आधारमा उन्नत जातका विउ विजन अनुदानमा उपलब्ध गराउन रु.१० लाख विनियोजन गरेको छु।
- चुमनुब्री गाउँपालिकाको दोश्रो पञ्च वर्षिय आवधिक योजनाले औंल्याएका क्षेत्रगत आयोजनाहरुको योजना बैंक बनाई सबै आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तथा अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- विपद व्यवस्थापन तथा राहत उद्दार एवं पुनर्स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरीक अभिमत सर्भेक्षण, सेवाको सन्तुष्टि सर्भेक्षण जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कर्मचारीहरुको सिकाई क्षमता अभिबृद्धि तथा पर्यटन काजको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरको छु ।
- मानवसेवा आश्रम लाई आर्थिक सहयोग तथा सहयता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँटोल सरसफाई तथा फोहोर व्यवस्थापनका लागि आमा समुह तथा टोल विकास समितिलाई सरसफाई सामाग्री वितरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न फर्निचर व्यवस्थापन, सूचना प्रविधि सामाग्री तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पढ्दै सीप सिक्दै भन्ने उद्देश्यका साथ विद्यार्थी लक्षित सिप विकास तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आगामी आर्थिक वर्ष २०८२।८३ मा विभिन्न विषय क्षेत्रगत आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको बजेट अनुसुचीमा समावेश गरेको छु ।
- बाल विवाह तथा बुहविवाह जस्ता सामाजिक कुरीति तथा कुप्रथा नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- उद्यमशिलता मार्फत नयाँ उद्यमी सिर्जना गर्न संघीय सरकारको शर्शत अनुदानको अलावा गाउँपालिकाबाट समेत १८ लाख लागत साझेदारी गर्न बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका केन्द्र सञ्जालसँग जोड्नका लागि संघीय सरकारबाट १ करोड बजेट प्राप्त भएकोमा लागत साझेदारीका लागि २५ लाख बजेट विनियोजन गरेको छु ।

- सविकको प्रधानमन्त्री रोजगार कार्यक्रमको संशोधन भई बजेट कटौती भई संघीय सरकारबाट ३० लाख ८८ हजार प्राप्त भएकोमा गाउँपालिकाबाट रोजगारी सिर्जनाका लागि ३० लाख ८८ हजार बजेट विनियोजन गरेको छ ।
- गाउँपालिकाभित्रका शिक्षा, स्वास्थ्य, पर्यटन एवं समग्र विकासका लागि योगदान पुर्याउने व्यक्ति तथा स्रष्टा सम्मानका लागि रु. ७ लाख विनियोजन गरेको छ ।
- चुमनुब्री गाउँपालिका अन्तर्गतका विभिन्न पदमार्गहरूको स्तररोन्नती गरी गुणस्तरीय तथा सुरक्षित पदमार्ग निर्माणका लागि पर्यटन बोर्डसँग लागत साझेदारी गर्नका लागि ५० लाख बजेट विनियोजन गरेको छ ।
- पर्यटन सम्भावना तथा पर्यटकीय गन्तव्यहरूको विकास तथा प्रवर्द्धनका लागि चुमनुब्री गाउँपालिका पर्यटन गुरूयोजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- स्वास्थ्य सेवा गुणस्तर अभिवृद्धिका लागि कर्मचारी क्षमता विकास, फर्निचर व्यवस्थापन, सूचना प्रविधिका सामाग्रीहरू, स्वास्थ्य सामाग्री तथा औजारहरूको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- चुमनुब्री गाउँपालिका भित्र विभिन्न सिप विकास तालिम संचालन गर्न रु. २१ लाख विनियोजन गरेको छ ।
- कर्मचारीहरु पालिकामा टिकाइराख्न कर्मचारी आवास सुविधाका लागि रु. १० लाख विनियोजन गरेको छ ।
- सिद्ध गणेश आधारभूत विद्यालय, सेराङ्गी गुम्बा आधारभूत विद्यालय, नुब्री आधारभूत विद्यालय र श्रङ्ग हिमाली आ वि का लागि पालिकाको तर्फबाट छात्रावास सुविधाका लागि एकमुष्ट रु. २२ लाख ५० हजार विनियोजन गरेको छ ।
- डढेलो नियन्त्रण तथा जलवायू अनुकुलन सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- सिद्ध गणेश आ वि छात्रावास भवन निर्माण सम्पन्न गर्नका लागि संघीय विशेष अनुदानबाट स्रोत सुनिश्चित गराई १ करोड १० लाख विनियोजन गरेको छ ।
- वडागत वार्षिक बजेट तथा कार्यक्रम अनुसुचीमा समावेश गरेको छ ।
- सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

आगामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा **रु.४७ करोड ७३ लाख ३५ हजार ९ सय रूपैयाँ** खर्च हुने अनुमान गरेको छु। जसमध्ये **चालुतर्फ रू २८ करोड १० लाख ७८ हजार ९ सय रूपैयाँ मात्र** र **पुँजीगत तर्फ रू १९ करोड ६२ लाख ५७ हजार मात्र** हुने अनुमान गरेको छु।

- आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण उपशिर्षकगत तथा खर्च शिर्षकगत गाउँपालिकाको विनियोजन विधेयक २०८२ सँगै पेश गरेको छु।
- आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये नेपाल सरकार वित्तिय समानीकरण अनुदान रु. ८ करोड ७३ लाख रुपैयाँ, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु.११ करोड ९८ लाख ८३ हजार ९ सय रुपैयाँ, शर्शत अनुदान रु. १२ करोड ४७ लाख रुपैयाँ, संघीय विशेष अनुदान १ करोड १० लाख, संघीय समपुरक अनुदान १ करोड, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.८८ लाख ७५ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. ९७ लाख ९ हजार रूपैयाँ, आन्तरिक राजश्वबाट रु.१ करोड ५८ लाख ६८ हजार संकलन हुने अनुमान गरिएको , प्रदेश सरकाबाट प्राप्त हुने विशेष अनुदान ४० लाख रूपैयाँ, प्रदेश समपुरक अनुदानबाट ६० लाख रूपैयाँ बजेट प्राप्त हुने र चालु आर्थिक वर्षको असार मसान्त सम्ममा खर्च भई बाँकी रहने अल्या रकम अनुमानित रु ८ करोड रुपैयाँ हुने अनुमान रहेको छ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अब म आर्थिक वर्ष २०८२।८३ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु।

- स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व संकलन, कर तथा गैर कर राजश्वको परिचालनलाई थप व्यवस्थित पार्दै लगिनेछ।
- चुमनुब्री गाउँपालिका भित्र पदयात्राका लागि प्रवेश गर्ने विदेशी तथा तोकिएका स्वदेशी पर्यटकहरूबाट पर्यटन शुल्क लिने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- चुमनुब्री गाउँपलिकाको आन्तरिक राजश्व सुधार कार्ययोजना बमोजिम कर तथा गैर करका दरलाई प्रगतिशिल बनाई राजश्व परिचालन गर्ने व्यवस्था मिलाईनेछ
- आर्थिक रुपले विपन्न, अशक्त असहाय, जेष्ठ नागरिक दलित, एकल महिलामैत्री कर प्रणालीको विकास गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै व्यापार व्यवसायहरुलाई आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी कर दायरा ल्याउने व्यवस्था मिलाईने छ।
- ढुङ्गा, गिटी, बालुवा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर गाउँपालिकाबाट संकलन गरी ग–४–२ बाँडफाँड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- 

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अन्तमा, यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, वडा अध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दल, नीजि क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरु, संघसंस्थाका प्रतिनिधिहरु तथा बुद्धिजीवी जगतबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु।

दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री को दिर्घकालीन सोचलाई सार्थक पार्न विविध चुनौतिहरुवीच आएको यो बजेटको सफल कार्यान्वयन गर्न सबै पक्षको अपनत्व र पुर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु। साथै मुलुक भित्र र बाहिर रहनु भएका चुमनुव्री गाउँपालिकाको विकासको लागि चिन्ता गर्ने सबैलाई दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री निर्माणको गाउँपालिकाको महान अभियानमा सहभागी हुन आह्वान गर्दछु।

धन्यवाद

लक्ष्मी गुरूङ
उपाध्यक्ष